सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५२ | गान्तोक, (बुधबार) ०६ फरवरी, २०१९ | अङ्क ४

## राज्यस्तरीय गणतन्त्र दिवस भव्यताका साथ पालन



**गान्तोक।**
देशका अन्य भागमाझैं सिक्किम राज्यमा पनि ७०औं गणतन्त्र दिवस भव्यताका साथमा पालन गरियो। पाल्जर स्टेडियममा सम्पन्न राज्य स्तरीय समारोहमा राज्यपाल गंगा प्रसाद मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। उहाँले कार्यक्रममा राष्ट्रिय ध्वज उत्तोलन गरेपछि सलामी लिनुभयो। सो अवसरमा राज्यका मुख्यमन्त्री पवन चामलिङ विशिष्ट अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। राज्यवासीलाई गणतन्त्र दिवसको शुभकामना सन्देश दिनुहुँदै राज्यपाल गंगा प्रसादले देश निर्माण र देश सुरक्षाको निम्ति प्राणको आहुती दिने सबै वीर-वीरङ्गनाहरूको स्मरण गर्नुभयो। उहाँले सिक्किमको शान्ति र स्थिरता देशको अखण्डताको निम्ति महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले भन्नुभयो, तीन अन्तरराष्ट्रिय सीमाले घेरिएको सिक्किममा शान्ति र सुरक्षा निरन्तर बनाई राख्न सबै नागरिकसित सहभागिताको निम्ति आह्वान गर्नुभयो।

कार्यक्रममा आइटीबीपी, एसएसबी, सिक्किम पुलिस, सिक्किम सशस्त्र पुलिस, सिक्किम होमगार्ड, एनसीसी, सिक्किम महिला पुलिस र आइआरबी-का जवानहरूले परेड प्रस्तुत गरे। यसकासाथै सेनाको पाइपब्याण्ड, सिक्किम पुलिस पाइपब्याण्ड र सिक्किम पुलिस ब्रासब्याण्डले प्रस्तुति दिएका थिए। परेड प्रतियोगितामा एसएसबी दल सर्वश्रेष्ठ प्रस्तुतिको पुरस्कार प्राप्त गर्न सफल बन्यो। यसैगरि आइटीबीपी-को टोली दोस्रो बन्यो भने होमगार्डलाई सान्तवना पुरस्कार प्रदान गरियो।

राज्यका विभिन्न सरकारी सेवामा उत्कृष्ट कार्य गर्ने कर्मचारी, समाजसेवी र खेलाडीहरूलाई राज्य सरकारको तर्फबाट सम्मान प्रदान गरियो। सबै विजेताहरूलाई राज्यपाल गंगा प्रसादको बाहुलीबाट सम्मान प्रदान गरियो।

कार्यक्रममा विधानसभा अध्यक्ष केएन राई, मुख्य सचिव एके श्रीवास्तव, डीजीपी एसडी नेगीलगायत सरकारी उच्च पदाधिकारी, सेनाका जवान, विद्यार्थीवर्ग र आम मानिसहरूको उपस्थिति थियो।

कार्यक्रममा मुख्य अतिथिको बाहुलीबाट सूचना तथा जनसम्पर्क विभागद्वारा प्रकाशित १६-वटा विभिन्न पुस्तक र भीडियो फिल्मको लोकार्पण गरियो। यस अवसरमा स्थानीय कलाकारहरूद्वारा विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरियो। कार्यक्रममा धावक शान्तिराम नेपाललाई सम्मान जनाउनका साथै प्रंशसा पत्र र नगद पुरस्कार रू. १ लाख प्रदान गरियो। यसरीगरि वन विभागका पाँचजना अधिकार तथा पाङ्गोलाखा वन्यप्राणी अभ्यारण्यका कर्मचारीहरूलाई पनि पाङ्गोलाखा वन्यजीव अभ्यारण्यमा रोयल बङ्गाल टाइगरको दुर्लभ तस्वीरहरू लिन सफल भएकोमा प्रशंसा पत्र प्रदान गरियो। यस टोलीमा आरओ रोशन तामाङ, आरओर दिलबहादुर सुब्बा, बीओ बीरबहादुर सुब्बा, वन रक्षक छुदेन भोटिया र दिनेश शर्मा सामेल छन्। यसरी नै गान्तोक सुन्दरीकरणका लागि योगदान दिने गान्तोक नगर निगम (जीएमसी)-का विजय रावतलाई पनि उल्लेखनीय सेवाका लागि प्रंशसा पत्र प्रदान गरियो।

यसरी नै राज्यकी प्रथम महिला ट्याक्सी चालक पाङथाङकी दावा फुटी भोटिया, सोरेङ पश्चिम सिक्किमका प्रताप तामाङ, नाम्ची घुर्पिसेका देवकुमार शर्मा, सिङतामका विदेश्वरी प्रसाद दत्त, लाचुङ सोकाथाङका कर्मा जाङ्पो लाचेनपा र नाम्चीका विज्ञान राईलाई पनि प्रंशसा पत्र प्रदान गरिएको थियो। समाजमा उनीहरूको उल्लेखनीय योगदानलाई कदर गर्दै यो सम्मान प्रदान गरिएको हो।

राज्य सराहनीय सेवा पुरस्कार २०१९-ले सम्मानित हुनेहरूमा एसटीएनएम-की परिचारिका उपअधिक्षक संगीता थापा, मानव संसाधन विकास विभागका उपनिर्देशक छादोर भोटिया, अवर सचिव स्वास्थ्य एवम् परिवार कल्याण विभागका आइतराज सुब्बा, एसटीएनएम-की परिचारिका सहायक अधिक्षक शशिकला तामाङ, गृह विभागकी कार्यालय अधिक्षक पासाङ छिरिङ भोटिया, सूचना एवम् जनसम्पर्क विभागका प्रमुख सहायक सन्तोष सुब्बा, दक्षिण जिल्ला जिल्लापाल कार्यालयकी प्रमुख सहायक शशिकला राई, सांस्कृतिक मामिला एवम् धरोहर विभागका भेषभुषा सहायक भीमनारायण प्रधान, सूचना तथा जनसम्पर्क विभागका क्यामेरा म्यान धनपति शर्मा, दक्षिण जिल्लापाल कार्यालयका सफाई कर्मचारी सतबीर सामिल्की आदि रहेका छन्।

## लेफ्टनन्ट जनरलको मुख्यमन्त्रीसत भेट

**गान्तोक।**
भारतीय सेनाको पूर्वीय कमाण्डका जनरल अफिसर कमाण्डिङ-इन-चिफको पदभार सम्हालेपछि २८ जनवरीका दिन पहिलोपल्ट पीभीएसएम, एभीएसएम, एसएम, भीएसएम लेफ्टनन्ट जनरल मनोज मुकुन्द नाराभानेले मुख्यमन्त्री पवन चामलिङसित मुख्यमन्त्रीको सरकारी निवासस्थान मिन्तोकगाङमा भेट गर्नुभयो। लेफ्टनन्ट जनरलले १ अक्टोबर २०१८-मा जनरल अफिसर कमाण्डिङ-इन-चिफको पदभार सम्हालेपछि मुख्यमन्त्रीसितको यो पहिलो आधिकारिक भेट हो।



यसअवधि मुख्यमन्त्री पवन चामलिङले लेफ्टनन्ड जनरल नाराभानेलाई खदा लगाएर बधाई एवम् शुभकामना दिनुभयो। मुख्यमन्त्रीले भन्नुभयो, सिक्किमका सीमानामा रहेका सेनाहरूले धेरै सहयोग पुऱ्याउँदै आइरहेका छन्। यहाँका विभिन्न पर्यटन स्थलमा घुम्न आउने पर्यटकहरू मौसमको गडबडिका कारण फसेको खण्डमा पनि सेना जवानहरूले व्यवस्थित ढङ्गमा आवश्यक सेवा पुऱ्याउँदै आइरहेका छन् भन्नुहुँदै मुख्यमन्त्रीले सेनाहरूको मुग्ध कण्ठले प्रंशसा गर्नुभयो। सेनासित हाम्रो प्रगाढ सम्बन्ध छ भन्नुहुँदै मुख्यमन्त्रीले आफूहरू

रहल पृष्ठ २ मा...

## राज्य शिक्षा विभाग र माइक्रोसफ्ट इण्डियामाझ सम्झौता पत्रमा हस्ताक्षर

**गान्तोक।**
राज्यको शैक्षिक परिदृश्यलाई रूपान्तरण गर्ने उद्देश्यले सिक्किम सरकारको मानव संसाधन विकास विभाग तथा माइक्रोसफ्ट इण्डियामाझ गत ३१ जनवरीका दिन सम्झौता पत्रमा हस्ताक्षर गरियो। शिक्षा विभाग मन्त्री श्री आरबी सुब्बाको मुख्य अतिथ्यमा सम्पन्न समारोहमा शिक्षा विभागका अतिरिक्त मुख्य सचिव श्री जीपी उपाध्याय लगायत विभागीय अधिकारी अनि माइक्रोसफ्टका शिक्षा शाखाका निर्देशक डा. भिन्नि जुहारी र माइक्रोसफ्टका क्षेत्रीय प्रबन्धक जयदेव रथको उपस्थितिबीच सम्झौता पत्रमा हस्ताक्षर गरियो।

आफ्नो सम्बोधनमा मन्त्री श्री आरबी सुब्बाले भन्नुभयो, सिक्किममा ई-शासन अनि प्रमुख क्षेत्रलाई रूपान्तरण गर्नाखातिर प्रौद्योगीकीको उपयोग गर्न सरकार प्रतिबद्ध छ। त्यसकारण आउने पीडिलाई तयार गर्न माइक्रोसफ्ट इण्डियासित साझेदारी गर्नु तार्किक साथै आवश्यक पहल थियो। उहाँले भन्नुभयो, यसको लक्ष्य युवा पीडिलाई आवश्यक डिजिटल कौशल अनि माइक्रोसफ्टमा तयार बनाउनु प्रमुख क्षेत्रमा रूपान्तरणको पहलका निम्ति एउटा उचित विचार थियो।

अतिरिक्त मुख्य सचिव उपाध्यायले

रहल पृष्ठ २ मा...

# मिजोराम सूचना विभागका अधिकारी तथा पत्रकारको टोलीद्वारा सिक्किमको भ्रमण

**गान्तोक।**

मिजोराम राज्यको सूचना तथा जनसम्पर्क विभागका दुईजना अधिकारीहरूको नेतृत्वमा रहेको दश सदस्यीय पत्रकार टोली चार दिवसीय सिक्किम भ्रमणमा रहेको छ। अध्ययन भ्रमणमा निस्किएको टोलीका सदस्यहरू ३१ जनवरीका दिन राजधानी गान्तोक आइपुगेका छन्।

टोलीका सदस्यहरूले १ फरवरी दिउँसो राज्यका मुख्य सचिव श्री एके श्रीवास्तवसित उहाँको सरकारी कार्यालयमा भेट गरे जहाँ उनीहरूलाई मुख्य सचिवले पारम्परिक खदा लगाएर स्वागत जनाउनुभयो। पत्रकार टोलीसित कुराकानी गर्दै मुख्य सचिवले राज्य सरकारद्वारा गरिएका विभिन्न विकासमूलक कार्यबारे अवगत गराउनुभयो।

भ्रमण टोलीले सिक्किम सरकारले गरेका सफलतापूर्ण पहलको बारेमा पूर्ण जानकारी लिनु यस भ्रमणको मुख्य उद्देश्य हो भनी बताएका छन्। उनीहरूले राज्य सूचना विभाग तथा पत्रकार कर्मीहरूको काम गर्ने प्रक्रियामाथि जानकारी लिने इच्छा पनि मुख्य सचिवसमक्ष व्यक्त गरे।

यस अवसरमा सूचना विभागकी निर्देशक श्रीमती परिनिता लामा पनि उपस्थित हुनुहुन्थ्यो।

तादोङस्थित सूचना भवनको भ्रमण गर्दै टोलीका सदस्यहरूले विभागीय सचिव श्रीमती शेराप सेङ्गा लगायत विभागीय अधिकारीहरूसित अन्तरक्रिया गरे। सचिव श्रीमती सेङ्गाले सरकारसित सम्बन्धित जानकारीहरू जनतासामु पुऱ्याउनमा रहेको विभागको भूमिकामाथि प्रकाश पार्नुभयो। सचिव तथा विभागीय अधिकारीहरूद्वारा पनि मिजोराम राज्यको सूचना तथा जनसम्पर्क विभागले गर्दै गरेका अद्वितीय पहल र अभ्यासको जानकारी लिइयो।

भ्रमण टोलीमा मिजोराम राज्यको सूचना विभागका सूचना तथा जनसम्पर्क अधिकारी श्री एन्ड्रयू एच लालरीम्रुआता तथा डा. लाल लाउमकिमा लगायत प्रमुख पत्रिका र टीभी चयानलका वरिष्ठ पत्रकारहरू रहेका छन्।

# शहीद दिवस पालन

**गान्तोक।**

सिक्किम सरकारको गृह विभागले जारी गरेको अधिसूचनालाई पालन गर्दै ३० जनवरीका दिन शहीद दिवस पालन गरियो। यो दिवस प्रत्येक वर्ष पालन गरिन्छ। राज्यभरि पालन गरिएको शहीद दिवसमा भारतको स्वतन्त्रता आन्दोलनमा ज्यान गुमाउने सबै शहीदहरूको सम्झनामा दुई मिनटको मौनधारण गरियो।

सो दिवसलाई पालन गर्नका लागि राज्यभरि बिहान ११-देखि ११:०२ सम्म दुई मिनटका लागि वाहन चलाचलका साथै सबै कार्यलाई स्थगित गरिएको थियो। दुई मिनट मौनधारण शुरू भएको अनि समाप्त भएको जानकारी साइरन बजाएर गरियो।

# सडक निर्माण कार्य शुरू

**रम्फू।**

राङतु (बेङ)-बाट बीचगाउँ हुँदै नामगेथाङ जाने सडक मार्गको निर्माण कार्यको शुरूवात भएको छ। सिङताम-खामदोङ क्षेत्रको जैविक डाँडाअन्तर्गत सिर्वानी ग्राम पञ्चायत एकाइ (जीपीयू)-मा पर्ने यस गाउँमा २.५ किलोमिटरको सडक निर्माण भइरहेछ।

यसअवसरमा क्षेत्र विधायक एवम् मन्त्री सोमनाथ पौड्यालको विशेष उपस्थिति थियो भने बीएम दर्नाल, इन्चु भोटिया लगायत अन्य पनि उपस्थित रहनु भएको थियो।

# लेफ्टनन्ट जनरलको मुख्यमन्त्रीसत......

सेना जवानहरूसित मिलेर काम गर्ने गरेको कुराको पनि लेफ्टनन्ज जनरल मनोज मुकुन्द नाराभानेलाई जानकारी गराउनुभयो।

१९९४-अघि सिक्किम भारतकै अङ्ग हो भन्ने कुरा थाहा नभएका राज्य बाहिरका प्रायजसो मानिसहरूलाई आज सिक्किमले विभिन्न क्षेत्रमा गर्दै आइरहेको उन्नती र समृद्धिले चिनाइरहेको छ, मुख्यमन्त्रीले भन्नुभयो। स्वच्छ राज्यको रूपमा अघावै प्रशंसा प्राप्त गरिसकेको सिक्किम खुल्ला शौचमुक्त राज्य पनि बनिसकेको कुरा मुख्यमन्त्रीले उहाँलाई अवगत गराउनुभयो। मुख्यमन्त्रीले भन्नुभयो, सिक्किमको स्वच्छ पर्यावरणलाई दुषित पार्नु हुँदैन भन्ने उद्देश्यले राज्य सरकारले २००१-देखि नै प्लास्टिक प्रयोग गर्नमा प्रतिबन्ध लगाएको छ। यसका साथै हरित सिक्किम स्वच्छ सिक्किमको नारा लिएर अघि बढेको सिक्किममा हामीले वन फडनी र गौचरणमा पनि प्रतिबन्ध लगायौं, उहाँले भन्नुभयो।

लेफ्टनन्ट जनरलले यद्यपि सिक्किम र गान्तोकसित आफ्नो पुरानो सम्बन्ध रहेको छ भन्नुहुँदै सिक्किमले गरिरहेको उन्नती र प्रगतिका साथै राज्यले देश र दुनियामा कमाउँदै आएको सुनामको खुलेर प्रशंसा गर्नुभयो। उहाँले समग्रमा उत्तरपूर्वी राज्यहरूलाई पर्यटनको क्षेत्रमा धेरै प्राथमिकता दिनुपर्छ भन्नुहुँदै यसबाट व्यापक रूपमा सबैलाई फायदा पुग्न जानेछ भनी बताउनुभयो। उहाँले सर-सफाई र स्वच्छतामा धेरै अघि रहेको सिक्किमको पनि खुलेर प्रशंसा गर्नुभयो। कलकताको भ्रमणअवधि अवश्य आफूसित भेट गर्ने भनी लेफ्टनन्ट जनरलले गर्नुभएको आग्रहलाई स्वीकार गर्नुहुँदै मुख्यमन्त्रीले अवश्यै पनि आउनेछु भनी वचन दिनुभएको छ।

# तीन दिवसीय नेतृत्व-जागरूकता प्रशिक्षण सम्पन्न

**जोरथाङ।**

२८-देखि ३१ जनवरीसम्म भारत निर्वाचन आयोग (ईसीआइ)-को निर्देशनमा तीन दिवसीय नेतृत्व तथा जागरूकता प्रशिक्षण कार्यक्रम आयोजन गरियो। कार्यक्रमको आयोजना कर्फेकटारस्थित सिक्किम ग्रामीण विकास संस्थान (एसआइआरडी)-को सम्मेलन कक्षमा भएको थियो। निलय मजुमदार र सञ्जिव देव स्रोतवक्ता रहनुभएको कार्यक्रममा सहायक निर्वाचन अधिकारी, निर्वाचन पञ्जीकरण अधिकारी, नोडल अधिकारी लगायत पश्चिम र दक्षिण जिल्लाका अन्य अधिकारीहरूको उपस्थिति थियो।

स्रोतवक्ताद्वयले प्रशिक्षणको बारेमा विस्तृत रूपमा प्रकाश पार्नुभयो जसको उद्देश्य प्रशिक्षणमा सहभागि अधिकारीहरूलाई सम्बन्धित स्थानमा आगामी आम चुनाउ सम्पन्न गराउनका लागि सक्षम नायक र कुशल प्रेरकको रूपमा तयार पार्नु हो। उहाँहरूले प्रतिभागीहरूलाई कसरी कुशल कमाण्डर बन्नुपर्ने, स्वयमलाई जागरूक बनाउने तरिका, रणनीतिक योजना, निकाय तथा प्रभाव लगायत अन्य धेरै सम्बन्धित विषयमा पावर पोइन्ट प्रस्तुतिकरण दिनुभयो। सुमधुर सञ्चारको भावना जागृत गराउने उद्देश्यले प्रतिभागीहरूमाझ चुनाउको तयारीलाई मध्यनजर गरेर तर्क, अन्तरक्रिया लगायत विभिन्न गतिविधि गराइयो। कार्यक्रमको उद्घाटनीय सत्रलाई सीईओ आर तेलाङले अध्यक्षता गर्नुभएको थियो। सो अवसरमा उहाँसित संयुक्त सचिव रोशनी राई रहनुभएको थियो।

अफ्नो सम्बोधनमा सीईओ तेलाङले चुनाउ प्रक्रियामाथि बोल्नुहुँदै भन्नुभयो, सबै अधिकारीहरूमा विगतका दिनहरूको अनुभव भएको कारण यस प्रशिक्षणको माध्यमबाट हामी नयाँ कौशल अनि दृष्टिकोणमा विकास गर्न सक्षम हुनेछौं। उहाँले सबैसित यस प्रशिक्षणबाट पूर्ण लाभ उठाउनका साथै खुल्ला रूपमा निष्पक्ष र शान्त प्रक्रियाका साथ चुनाउ सम्पन्न गराउने अधिकारी बन्न आग्रह गर्नुभयो।

नयाँ दिल्लीको हिरो मिन्डमाइन संस्थानबाट स्रोतवक्ताका रूपमा उपस्थित हुनुभएकी नुपुर पुरोहितले भन्नुभयो, यस प्रशिक्षणको आयोजना गरिनुको मुख्य उद्देश्य भनेको मानिसलाई सशक्त बनाउनका साथै उनीहरूमा व्यवसायिक कौशल तथा दृष्टिकोणमा वृद्धि गर्नु हो। यसअवसरमा पूर्व र उत्तर जिल्लाका जिल्ला चुनाउ अधिकारी, सहायक चुनाउ अधिकारी, निर्वाचन पञ्जीकरण अधिकारी, सहायक निर्वाचन पञ्जीकरण अधिकारी, विभिन्न सरकारी विभागका नोडल अधिकारी आदिको उपस्थिति थियो।

# मतदानमाथि जागरूकता फैलाउन पाँचजना राजदुत नियुक्त

**गान्तोक।**

युवा, महिला, दिव्याङ्गीजन अनि समाजको सबै वर्गका मानिसहरूलाई मतदानमाथि जागरूक गराउन साथै मतदान प्रक्रियाबारे अवगत गराउने उद्देश्यका साथ मुख्य निर्वाचन अधिकारी कार्यालय, सिक्किमले आगामी चुनाउका लागि राज्यका आइकनलाई राजदुतको रूपमा चयन गरेको छ। राज्यमा विभिन्न क्षेत्रमा रहेको उहाँहरूको लोकप्रियतालाई मध्यनजर गरेर फुटबल खेलाडी सञ्जु प्रधान, व्यवसायिक मोडल पेडेन ओङ्मु नामग्याल तथा प्रमिला छेत्रीलाई राज्य आइकनको रूपमा अघि ल्याइएको छ। यसैगरी स्वशिक्षित अभियन्ता बिकल राईलाई जिल्ला आइकन अनि वर्ष २००७-मा सम्पन्न विशेष ओलम्पिकका स्वर्ण पदक विजेता निर्मल चन्द्र दाहाललाई दिव्याङ्गीजन (पीडब्ल्यूडी) आइकन बनाइएको छ।

२५ जनवरीका दिन चिनतन भवनमा पालन गरिएको राज्य स्तरीय राष्ट्रिय मतदाता दिवसको अवसरमा आइकनहरूको नाम घोषणा गर्नका साथै उहाँहरूलाई अभिनन्दन जनाइएको हो। उहाँहरूलाई राज्यका मुख्य सचिव एके श्रीवास्तवले अभिनन्दन जनाउनुभएको हो। आगामी आम चुनाउमा राज्यका युवाहरूलाई जिम्मेवार मतदाता बनाउनका लागि व्यस्त गराउने उद्देश्यले यी पाँचजना व्यक्तित्वहरूलाई सीईओ कार्यालयसित अनुबन्ध गरिएको हो।

सबै आइकनहरू मतदाताहरूमा सचेतना फैलाउन, मतदाताहरूको संख्यामा वृद्धि गराउनका साथै सिक्किमे नागरिकमाझ नैतिक भागिदारीलाई बढावा दिनमा जिम्मेवार हुनेछन्।

'सिक्किम चुनाउ कार्यालयले हामीलाई आइकनको रूपमा चयन गर्नु हाम्रा लागि यो ठूलो सम्मान हो। हामीलाई आइकनको रूपमा मानिएकोमा हामी धेरै कृतज्ञ छौं जसले मानिसहरूलाई आफ्नो बहुमुल्य मत खसाल्नमा सहयोग पुऱ्याउँछ,' बिकल राईले भन्नुभयो। आइकनहरू राजदुतको नयाँ भूमिका निर्वाह गर्न पूर्ण तयार रहेका छन् जसले मतदाताहरूमाझ चुनावी प्रक्रियामा सहभागि बनेर मतदानको आफ्नो अधिकारलाई पालन गर्न सचेतना जगाउनेछन्।

यहाँ उल्लेख गर्न योग्य कुरा के छ भने सीईओ कार्यालयद्वारा नियुक्त गरिएका आइकनहरूको छोटो भिडियो तयार पारिएको छ जुन मानिसहरूमाझ भोट खसाल्नका लागि इच्छा जगाउने उद्देश्यले राज्य भरिका विभिन्न स्थानमा देखाइनेछ। सिक्किमकी संयुक्त मुख्य निर्वाचन अधिकारी रोश्नी राईबाट प्राप्त जानकारी अनुसार आगामी चुनाउमा निर्वाचन आयुक्तले पीडब्ल्यूडी मैत्री चुनाउ स्टेशन बनाउने कुरामा प्राथमिकता दिएको छ।

# पास्टिङ वार्डमा गृह प्रवेश

**रिनाक।**

लिङ्ताम फदमचेन ग्राम पञ्चायत एकाइको पास्टिङ वार्डमा मुख्यमन्त्री ग्रामीण आवास योजनाअन्तर्गत (सीएमआरएचएम)-को नव निर्मित घरमा लाभार्थी मनबहादुर गुरुङलाई गृह प्रवेश गराइयो। क्षेत्र विधायक विक्रम प्रधानद्वारा जिल्ला पञ्चायत सदस्य सोनाम छिकी भोटिया, ग्राम पञ्चायत सभापति दावा छोडेन भोटियासहित अन्यको उपस्थितिमाझ सीएमआरएचएमका नयाँ घरको उद्घाटन गर्दै लाभार्थी अनि उनका परिवारलाई गृह प्रवेश गराइएको हो।

विधायक प्रधानले यस अवसरमा बोल्नुहुँदै यो राज्य सरकारको गरीबवादी नीतिका कारण सम्भव भएको हो भनी बताउनुभयो। लाभार्थी मनबहादुर गुरुङले आफ्नो परिवारको तर्फबाट सिक्किम सरकारप्रति आभार कृतज्ञता प्रकट गरेका छन्।

# राज्य शिक्षा विभाग र.....

मानव संसाधनको प्रगति र विकासको दिशामा रहेको मुख्यमन्त्री साथै राज्य सरकारको दुरदृष्टि र निरन्तर कार्यको निम्ति कृतज्ञता व्यक्त गर्नुभयो।

उहाँले प्रौद्योगीकी र रूपान्तरणको महत्वमाथि प्रकाश पार्नुहुँदै भन्नुभयो यी कुरा भविष्यमा अनिवार्य हुनेछन्। सिक्किमका विद्यार्थीहरूलाई वितरण गरिने ल्यापटपको योजनाका निम्ति रहेको माइक्रोसफ्ट इण्डियाको भूमिकामाथि अतिरिक्त मुख्य सचिवले प्रकाश पार्नुभयो अनि भन्नुभयो, विद्यार्थी र शिक्षक-शिक्षिकाहरूलाई सशक्त बनाउने उद्देश्यले यो साझेदारी गरियो जसको उचित बजेटमा प्रबन्ध गरिएको हो।

एआइ, क्लाउड कम्प्यूटिङ, रोबोटिक आदि क्षेत्रमा रहेको विज्ञान र प्रौद्योगीकीको आकर्षण शक्तिमाथि प्रकास पार्नुहुँदै उपाध्यायले भन्नुभयो, यसको सामान्य उद्देश्य भनेको हाम्रा बालक-बालिकालाई रचनात्मक बनाउनु हो। हाम्रोमा अझ राम्रो गर्ने क्षमता छ, उहाँले भन्नुभयो।

यस साझेदारीको उद्देश्य राज्य भरिका सरकारी विद्यालयमा विद्यार्थी तथा शिक्षक-शिक्षिकाबीचको डिडिटल साक्षरता र विकसित तक्नीकीको क्षमता विकासमा वृद्धि गरेर सिक्किमको शिक्षा प्रणालीमा सुधार गर्नु हो।

यस साझेदारीको एक भागको रूपमा माइक्रोसफ्टले विद्यार्थीहरूको क्षमता विकास गर्न राज्य बोर्ड पाठ्यक्रमको सूचना तक्नीकी (आइटी)-का विषयको एकिकरणमा राज्यलाई सहयोग पुर्यापउने भएको छ। माइक्रोसफ्ट नविन्तम विद्यालय कार्यक्रमको माध्यमबाट पूरा विद्यालयमा सुधार ल्याउने, माइक्रोसफ्ट एडुकेटर नेटवर्क अनि नविन्तम एडुकेटर कार्यक्रमको माध्यमबाट शिक्षक-शिक्षिकाको क्षमता विकास गर्ने, डिजिटल शाक्षरता र डिजिटल नागरिकतामा विकास पनि यसको उद्देश्य हो।

# नेपाली साहित्य परिषदमा डा. उपाध्यायका गीति सँगालो लोकार्पित

**गान्तोक।**

नेपाली साहित्य परिषद भवन, विकास क्षेत्र, गान्तोकमा २१ जनवरीका दिन काठमाडौं नेपालका लब्धप्रतिष्ठित साहित्यकार एवम् वरिष्ठ गीतकार डा. डी.आर. उपाध्यायका सातवटा गीति सँगालो एकैसाथ लोकार्पण गरिएको छ। सिक्किम अकादमीका अध्यक्ष तथा पद्मश्रीद्वारा सम्मानित वरिष्ठ साहित्यकार केदार गुरुङ, सिक्किम कलाकार संघका अध्यक्ष साहित्यकार एवम् निर्देशक चुनिलाल घिमिरे साथै अन्य वरिष्ठ साहित्यकारहरूको बाहुलीद्वारा उहाँका गीति सँगालोहरू एकैसाथ लोकार्पण गरिएको हो। किनार प्रकाशक, गान्तोकद्वारा आयोजित लोकार्पण एवम् सम्मान कार्यक्रममा साहित्यकार केदार गुरुङ मुख्य अतिथि रहनुभएको थियो भने साहित्यकार चुनिलाल घिमिरेले कार्यक्रमलाई अध्यक्षता गर्नुभएको थियो। सो अवसरमा नेपालबाट आउनुभएका आठजना गीत-संगीतकार एवम् साहित्यकारसितै सिक्किमका ६ जना गीतकार एवम् साहित्यकारहरूलाई सम्मान जनाइएको थियो।

सभाध्यक्ष चुनिलाल घिमिरेले कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै जहाँ शान्ति, सुरक्षा हुन्छ त्यहाँ गीत सङ्गीत तथा कलाले फस्टाउने मौका पाउने बताउनुभयो। उहाँले प्रसिद्ध पश्चिमेली साहित्यकार शेक्सपियरको भनाइको उदाहरण दिनुहुँदै भन्नुभयो, 'जसले गीत सङ्गीत मन पराउँदैन उ आत्मद्रोही हुन्छ।' उहाँले पहिला हाम्रा अभिभावकहरूले गीत गाउन दिँदैनथिए भन्नुहुँदै वर्तमानमा गीत सङ्गीतको क्षेत्र उर्वर भएर आएको कुरा बताउनुभयो। सिक्किमको सन्दर्भमा पनि उहाँले धेरै राम्रा राम्रा गीतकारहरू रहेको बताउनुहुँदै वरिष्ठ साहित्यकार एवम् गीतकार सानु लामाको उदाहण दिनुभयो। सानु लामाका जहाँ बग्छ टिस्टा रङ्गीत, बालापनको आँगना त्यागेर जस्ता कालजयी गीतहरू रहेको उहाँले बताउनुभयो। नेपाल र सिक्किम-दार्जीलिङको साङ्गीतिक सम्बन्धलाई जोड्दै पहिले पहिले रेडियो नेपालबाट बज्ने गीतहरू सुनेर सिक्किम दार्जीलिङ तिरका धेरै जनाले गीतहरू लेख्न र गाउन प्रेरित बनेको सभाध्यक्ष चुनिलाल घिमिरेले बताउनुभयो।

कार्यक्रममा एकै साथ आफ्ना सातवटा गीति सँगालो लोकार्पण गर्ने गीतकार डा. डीआर गिरीलाई बधाई दिनुहुँदै यसरी एकै साथमा सातवटा गीति सँगालो निकाल्नु चुनौतीपूर्ण कार्य रहेको कुरा स्पष्ट पार्नुभयो। उहाँका गीतहरूले डा. गिरीले सामाजिक परिवर्तनको आवाज बुलन्द गर्न चाहेको बुझाउने पनि बताउनुभयो।

यसरी नै मुख्य अतिथि केदार गुरूङले कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै साहित्य, कला र सङ्गीत जीवनको अभिन्न अङ्ग हो भनी बताउनुभयो। उहाँले साहित्य जीवनको शरीर हो भने सङ्गीत त्यसको रक्तसञ्चार सरह रहने बताउनुभयो। जीवन जीउन पनि एउटा कलाको आवश्यकता पर्ने उहाँले बताउनुभयो। जीवन बाँच्नका निम्ति विभिन्न प्रकारका कलाहरू हुने बताउनुहुँदै जसले कलालाई समाउन जान्यो उसैले जीवन जीउन सक्ने नभए जीवन व्यर्थ बन्न सक्नेछ भन्नुभयो। सङ्गीतले पनि मानिसको जीवनलाई बाँच्न प्रेरित गर्ने मन्तव्य उहाँले राख्नुभयो।

कार्यक्रममा नेपालबाट आउनुभएका गीतकार-सङ्गीतकार तथा साहित्यकारहरू डा. डीआर उपाध्याय, सुरेश घिमिरे 'निश्चिन्त', कृष्ण भुसाल, नवीन सुब्बा, सागर अधिकारी 'शरद', सन्तोष श्रेष्ठ, सुश्री गीता अधिकारी र श्रीमती सुनिता खनाल अनि सिक्किमबाट प्रद्युम्न श्रेष्ठ, पूर्ण योञ्जन, जीवन शर्मा, केबी कार्की, अमर बानियाँ 'लोहोरो' र नीलम न्यौपानलाई सम्मान जनाइएको थियो। नेपालबाट आएका साहित्यकारहरूको टोलीद्वारा साहित्यकार टीबी चन्द्र सुब्बा, सीपी गिरी, चुनिलाल घिमिरेको साथमा डीआर नेपाल र सीबी कार्कीलाई 'मायाको चिनो' प्रदान गरियो। कार्यक्रममा सागर अधिकारी 'शरद' र सन्तोष श्रेष्ठले आफ्ना सुमधुर गीतहरू प्रस्तुत गरेका थिए।

आयोजक समितिका अध्यक्ष टीबी चन्द्र सुब्बाको स्वागत सम्बोधनबाट कार्यक्रम शुरू भएको थियो। स्वागत सम्बोधनको क्रममा सुब्बाले अहिलेसम्म १०८-जनालाई सम्मान जनाइसकिएको जानकारी गराउनुहुँदै आफ्नो अनुसन्धनात्मक कार्यमा विगत केही वर्ष यता व्यस्त रहेको उहाँले बताउनुभयो। कवि एवम् चित्रकार दिपा राईद्वारा सञ्चालित कार्यक्रमलाई डा. शान्ति छेत्रीले पनि सम्बोधन गर्नुभएको थियो।

कार्यक्रमलाई नेपालबाट आउनुभएका वरिष्ठ साहित्यकार एवम् पत्रकार कृष्ण भुसालले पनि सम्बोधन गर्नुभएको थियो। मिलापका सम्पादक भुसालले आफ्नो सम्बोधनमा सिक्किम र नेपाल माझको भाषिक, सांस्कृतिक एकरूपताको विषयमा उजागार गर्नुभयो। नेपाली साहित्य तथा सङ्गीत जगतमा सिक्किमले धेरै प्रगति गरेको उल्लेख गर्नुहुँदै मुख्यमन्त्री पवन चामलिङ स्वयं एक कुशल राजनीतिज्ञसितै साहित्यिक व्यक्तित्व रहेको हुनाले पनि यहाँको सङ्गीत तथा साहित्य जगतले फस्टाउने अवसर पाएको उहाँले बताउनुभयो।

यसरी नै डा. डीआर उपाध्यायले आफ्नो सम्बोधनमा सो अवसरमा लोकार्पित उहाँका गीति सँगालोहरू सङ्गीत प्रेमी स्रोताहरूले सुनेर प्रतिक्रिया दिने आशा व्यक्त गर्नुभयो। उहाँले आफ्ना सातवटा कृतिहरूमाथि पनि प्रकाश पार्नुभयो। उहाँले विभिन्न ठाउँमा भ्रमण गरिसकेको बताउनुहुँदै सिक्किममा आएर आफ्नो यात्रा विसर्जन गरिरहेको साथै सिक्किम नआएसम्म आफ्नो यो यात्रा अधुरै रहने महशुष गरेको पनि विचार व्यक्त गर्नुभयो।

वरिष्ठ साहित्यकार सुरेश घिमिरे 'निश्चिन्त'-ले भन्नुभयो, नेपाली गीत सङ्गीतको क्षेत्रमा पवन चामलिङको योगदानबारे आफ्ना विचारहरू राख्नुभयो। सिक्किमले धेरै गीत-सङ्गीतकार तथा कलाकारहरू जन्माएको बताउनुहुँदै सिक्किम, दार्जीलिङ, आसाम आदि भारतीय भेगबाट नेपाली गीत सङ्गीत र साहित्यको क्षेत्रमा बहुमूल्य योगदान पुऱ्याएको बताउनुभयो।

# डा. शोभाकान्ति थेगिम पुरस्कारका निम्ति चयन प्रक्रिया शुरू

**गान्तोक।**

डा. शोभाकान्ति थेगिम (लेप्चा) मेमोरियल ट्रस्टको सभा गत २० जनवरीका दिन पीएनजी पाठशाला पथस्थित ट्रस्टकै कार्यालयमा सम्पन्न भयो। सभा आयोजन गरिनुको मुख्य उद्देश्य डा. शोभाकान्ति थेगिम (लेप्चा) पुरस्कार २०१९-को निम्ति छलफल गर्नु रहेको थियो। सभामा उपस्थित सबै सदस्यहरू बीच आ-आफ्नो विचार आदान-प्रदान पछि पुरस्कार २०१९-को निम्ति विभिन्न प्रस्तावहरू सर्वसम्मतिद्वारा पारित गरियो।

२०१९-को पुरस्कारको निम्ति वर्ष २०१५, २०१६, २०१७ अवधि प्रकाशित केवल नेपाली भाषाका साहित्यिक पुस्तकहरू जस्तै उपन्यास, कथा, लघुकथा सङ्ग्रह, कविता सङ्ग्रह, समालोचना अनि नाटक आदिलाई मात्र चयनको निम्ति स्वीकार गरिने विज्ञप्तिमा जनाइएको छ। पुरस्कार चयनका निम्ति केवल सिक्किम राज्य अनि दार्जीलिङ र जलपाईगुडी जिल्लाहरू (दार्जीलिङ, कालिम्पोङ, करसाङ, गोरूबथान, सिलगुढी, डुवर्स इत्यादि क्षेत्रहरू)-का साहित्यकारहरूका पुस्तक-कृतिलाई मात्र समावेश गरिने छ। विज्ञप्तिमार्फत स्पष्ट गरिएअनुसार दार्जीलिङ अनि जलपाईगुढी जिल्लाहरूका सहभागी साहित्यकारहरू उक्त क्षेत्रमा वर्ष ३१ दिसम्बर २०१८-सम्ममा १० वर्ष अथवा यसभन्दा अधिक वर्षदेखि स्थायीरूपमा बसोबासो गरिएकालाई मात्र पुरस्कारको निम्ति योग्य ठहर गरिनेछ अनि उहाँहरूले आफ्नो सम्पर्क टुङ्गो र पहिचान पत्र आदि आफ्नो प्रवेश-पुस्तकसँग संलग्न गरी ट्रस्टलाई पठाउने अनुरोध विज्ञप्तिमार्फत गरिएको छ।

विज्ञप्तिमा भनिएको छ, सभाले सबै सहभागीहरूलाई समान मौका दिनका निम्ति तोकिएको समयावधिभित्र लेखिएका साहित्यकारको एउटा पुस्तकमात्र ट्रस्टद्वारा स्वीकृत गरिनेछ। ट्रस्टमा यथावत वर्ष २०१८-मा पुरस्कारका निम्ति पठाइएका (वर्ष २०१५ र २०१६ अवधिका) साहित्यकारहरूका पुस्तकहरूलाई पनि २०१८-को पुरस्कारका निम्ति छनौट गरिने छ जसको निम्ति अर्को प्रति ट्रस्टलाई पठाउन आवश्यक नरहेको कुरा उल्लेख गरिएको छ।

पुरस्कारको मूल्याङ्कनका निम्ति लेखकहरूले आफ्नो कृतिको ४ प्रति मिति १७ फरवरी २०१९ अथवा त्यस अघि ट्रस्टको कार्यलयमा पठाइदिने ट्रस्टको तर्फबाट अनुरोध गरिएको छ।

# चुनाउ आयोगको भिडियो कन्फरेन्सिङमा मुख्य सचिव सहभागी

**गान्तोक।**

भारतीय चुनाउ आयोगद्वारा १२ वटा राज्य क्रमैले अरूणाचल प्रदेश, असम, बिहार, झारखण्ड,महाराष्ट्र,मणिपुर, मेघालय, मिजोराम, नागाल्याण्ड, सिक्किम, त्रिपुरा पश्चिम बङ्गालका मुख्य सचिव, पुलिस महानिर्देशक र वरिष्ठ अधिकारीहरूका लागि भिडियो कन्फरेन्सिङ आयोजन गरियो। भिडियो कन्फरेन्सिङमा राज्यका मुख्य सचिव एके श्रीवास्तवले आगामी लोकसभा चुनावको तयारबारे आफ्नो गहन विचार राख्नुभयो। भारतीय चुनाउ आयोगका आयुक्त सुनिल अरोडाले २०१९-को आम चुनाउमा राज्यहरूको प्राथमिकता एजेण्डा र तयारीबारे आफ्नो विभिन्न विचार राख्नुभयो। यो भिडियो कन्फ्रेन्सिङमार्फत आगामी चुनाउलाई सुचारू रूपमा सञ्चालन गर्ने सबै सम्भावनाबारे चर्चा गरियो। यसका साथै पर्याप्त बजेट, मानवशक्ति, संसाधन एसभीईपी, योजना मतदान केन्द्रको व्यवस्थापन तथा आईटी संयन्त्रलगायत सुरक्षाबारे प्रत्येक राज्यको तयारीबारे जानकारी लिइयो।

# राष्ट्रिय युवा सांसद उत्सव सम्पन्न

**नाम्ची।**

राष्ट्रिय युवा संसद उत्सव २०१९-को एक भागको रूपमा दक्षिण अनि पश्चिम सिक्किममा जिल्ला युवा संसद पालन गरियो। दक्षिण जिल्लाको अफिसर्स क्लबमा सम्पन्न कार्यक्रमको आयोजना नेहरू युवा केन्द्र, नाम्ची तथा नाम्ची सरकारी महाविद्यालयको एनएसएस शाखाले संयुक्त रूपमा गरेको थियो।

कार्यक्रममा विद्यार्थी तथा युवाहरूका लागि भाषण प्रतियोगिता आयोजन गरियो। प्रतियोगिताको निर्णायक मण्डलिका रूपमा अवकाश प्राप्त सरकारी अधिकारी सान्ता प्रधान, अवकाश प्राप्त जिल्ला युवा समन्वयक (डीवाईसी) पुरन छेत्री, प्रधानाध्यापक रोशन प्रधान, सामाजिक कार्यकरता तथा भीबीडीएएस-का सभापति दिपक राई तथा वरिष्ठ पत्रकार नमो दिक्षित आदि उपस्थित थिए।

जिल्ला स्तरको कार्यक्रमबाट पाँचजना उत्कृष्ट वक्ता चयन गरिएको छ। चयनित वक्ताहरूमा एयेशा लिम्बू, सञ्जय राई, निमा लेप्चा, सुश्मिता थापा र रोबर्ड चामलिङ रहेका छन्। जिल्ला स्तरका विजेताहरूले राज्य स्तरको प्रतियोगितामा जिल्लाई प्रतिनिधित्व गर्नेछन्।

# एसबीआइएस योकसम शाखा प्रबन्धक सम्मानित

**योकसम।**

ब्याङ्कर तथा सामाजिक कार्यकरता अजित गुरूङले समाजमा पुऱ्याएको योगदानको कदर गर्दै लबिङ प्राथमिक विद्यालयमा आयोजित गणतन्त्र दिवसको अवसरमा सम्मान जनाइयो। उहाँलाई लबिङ प्राथमिक विद्यालय गणतन्त्र दिवस आयोजक समितिद्वारा सम्मान जनाइएको हो।

सिक्किम राज्य ब्याङ्क (एसबीएस) योकसम शाखाका प्रबन्धक गुरूङले विगत धेरै वर्षदेखि आधारभूत सुविधाबाट बञ्चित नानी तथा मानिसहरूलाई सेवा पुऱ्याउँदै आइरहनुभएको छ। उहाँ प्रत्येक महिना आफ्नो वेतनबाट एक प्रतिशत राशि विद्यालय, सामाजिक संगठन तथा निराश्रित घरहरूलाई प्रदान गर्नुहुन्छ।

पश्चिम सिक्किमको दराप निवासी अजित गुरूङलाई सामाजिक कल्याण विभागका सल्लाहकार सीबी गुरूङको बाहुलिबाट प्रशंसा पत्र प्रदान गरियो। सो अवसरमा योकसमका महकुमा अधिकारी सोनाम रिञ्चेन लेप्चा, पञ्चायत सदस्य लगायत अन्यको उपस्थिति थियो। यस सम्मानको निम्ति आयोजक समितिप्रति कृतज्ञता व्यक्त गर्नुहुँदै उहाँले सबैसित समाजमा पछाडिएका मानिसहरूको सहयोगमा अघि आउन अपील गर्नुभएको छ।

# द पिपल्स स्टुडियोमा रिडिङ्ग एस अ राइटर

**गान्तोक।**

कसरी साँच्चै राम्रो सिर्जनशील लेखक बन्ने र कसरी राम्रो लेख्न सकिन्छ भन्ने विषयमा सिकारू लेखकहरूलाई लिएर आर्टेमले आफ्नो 'द पिपल्स स्टुडियो' मा एउटा कार्यशाला 'पुस्तक पठन' आयोजना गऱ्यो। कार्यशालामा दर्जनभर लेखनमा आफ्नो विचार र हात खियाइरहेका युवाहरूको उपस्थिति थियो। पूर्वोत्तरको शिलाङकी चर्चित युवा लेखकको रूपमा अघि आएको नाम जेनिस परियतले कार्यशाला सञ्चालन गर्नुभएको थियो।

चर्चित सी हर्स, बोट अन रोड, द नाइन च्याम्बर अफ हार्ट जस्ता चर्चित आख्यानकी लेखिका रहेकी परियत २०१३-सालमा बोट अन रोडको निम्ति साहित्य अकादमी पुरस्कारले सम्मानित बनिसक्नुभएको छ।

दुई घण्टा लामो कार्यशालामा पढ्ने र लेख्ने दुवै प्रकारको कलाबारे युवाहरूलाई अवगत गराउने कसरत गरिएको थियो। लेखिका परियतले किन यस्तो भयो, किन यस्तो भएन, किन यो प्रकारले, अर्को प्रकारले किन भएन, यो सूचना किन यहाँ, किन त्यहाँ भएन भन्ने जस्ता आदि कुराहरू बुझ्ने प्रयासले कुनै कक्षामा आर्जन गरिएको ज्ञान भन्दा धेरै ज्ञान मिल्ने बताउनुभयो। लेखकसित प्रत्यक्ष कुराकानी, प्रश्नोत्तर अनि किताब पठन पनि कार्यक्रमको हिस्सा रहेको थियो।

उल्लेख्य, द पिपल्स स्टुडियो बहुउद्देश्यीय मञ्च हो जुन कला, संस्कृति र साहित्य संगीत प्रेमीहरूको निम्ति महत्त्वपूर्ण ठाउँ बनेको छ। फोटोग्राफी प्रदर्शन, लेखन कार्यशाला, कविता वाचन, फिल्म प्रदर्शन र अन्य कलात्मक क्रियाकलापहरूले अटाउने ठाउँ बनेको छ।

यसैगरि पठन संस्कृति विकासको निम्ति स्टुडियोमा रहेको पुस्तकालयले अझ धेरै महत्व बढाएको छ। कार्यशाला पछि परियतले आफ्नो चर्चित कथा सङ्कलन बोर्ड अन रोडका केही कथाहरू सुनाउनुभएको थियो।

# क्षमता शिक्षामाथि सप्ताहव्यापी तालिम कार्यक्रम सम्पन्न

**रिनाक।**
लोअर दलपचन्दस्थित श्रद्धाञ्जली संघको भवनमा १९ जनवरीदेखि प्रारम्भ भएको क्षमता शिक्षामाथि सप्ताहव्यापी तालिमको समापन २७ जनवरीका दिन भयो। युवा अनि किशोरहरूको विकासमाथि राष्ट्रिय कार्यक्रम योजनाअन्तर्गत भारत सरकारको युवा मामिला अनि खेल मन्त्रालयको नेहरू युवा केन्द्र संगठन गान्तोकको सहयोगमा सिक्किमको युवा विकास संघ (यूडीएस)-द्वारा आयोजना गरिएको थियो।

रङ्लीका महकुमा अधिकारी एबी गुरुङ मुख्य अतिथि रहनुभएको कार्यक्रममा दलपचन्द ग्राम पञ्चायत सभापति सचिन राई, मानव संसाधन विकास विभाग महकुमा कार्यालयका समन्वयक गोपाल न्यौपाने, न्यू डायमण्ड क्लब मारकाङका रुद्र प्रधानलगायत अन्यको उपस्थिति थियो।

कार्यक्रममा तालिमको अनुभवबारे प्रशिक्षार्थी सलिना शेर्पा अनि अन्यले तालिममा महत्त्वपूर्ण ज्ञान, एका-अर्कामा अन्तक्रिया साथै स्रोतवक्ताहरूद्वारा दिइएको विभिन्न विषयहरूबाट शिक्षा प्राप्त हुन सकेको बताउँदै यूडीएस अनि एनवाइकेएस गान्तोकप्रति कृतज्ञता व्यक्त गरे। कार्यक्रममा प्रशिक्षार्थीहरूले देशभक्ति गान, सांस्कृतिक नृत्य प्रस्तुत गरे।

चाइल्डलाइनकी प्रेरणा राईद्वारा सञ्चालित कार्यक्रमलाई यस तालिम कार्यक्रमको औचित्यबारे बताउनुहुँदै यूडीएस-का कार्यकारी सचिव तथा राष्ट्रिय युवा पुरस्कारले सम्मानित मनिकुमार गुरुङले नानीहरूको निम्ति शीतकालीन विदाको सदुपयोग अनि ज्ञानवर्द्धक शिक्षा प्रशिक्षार्थीहरूले सिक्न सकेको कुरालाई राख्दै यस भेकका संघ संस्थाहरूले नानीहरूलाई सहभागिता गराउन प्रेरित गरेकोमा कृतज्ञता प्रकट गर्नुभयो। विशेष समाजका संघ-संस्थाहरू सामाजिक कार्यमा मात्र सीमित नरहेर नानीहरूलाई मार्गदर्शन गर्न, सचेत, सही शिक्षा दिने सिर्जनात्मक कार्य गर्ने मनिकुमारले आह्वान गर्नुभयो। विभिन्न स्रोतवक्ताहरू नानीहरूलाई परामर्श, जानकारीले निश्चय नै प्रशिक्षार्थीहरूको व्यवहारमा परिवर्तन आएको महसुश गरेको विचार व्यक्त गर्नुभयो।

पूर्व जिल्ला पञ्चायत सदस्य कविता छेत्रीले सम्बोधनमा विगतको स्मरण गर्दै यस स्थानमा प्रत्येक आइतबार विभिन्न कार्यक्रम गर्ने गरेको फलस्वरुप त्यसको फाइदा अहिले प्राप्त भइरहेको कुरा बताउनुभयो।

उहाँले यद्यपि प्रशिक्षार्थी नानीहरूले पनि यस तालिमबाट संघ-संस्थामा नेतृत्व दिनुपर्छ भनी बताउनुभयो। उहाँले श्रद्धाञ्जली संघको छोटो विवरणमा हाल यसमा ८५ घर परिवारहरू सदस्य रहेको अनि सबै एकजुट भएर संघ भवन, सामग्रीहरू संग्रहित गर्न सकेको अवगत गराउनुभयो।

# मगनमा शीतकालीन खेल प्रशिक्षण शिविर सम्पन्न

**मगन।**
मगन सार्वजनिक खेल मैदानमा आयोजना गरिएको शीतकालीन खेल प्रशिक्षण शिविर २६ जनवरीको दिन सम्पन्न भयो। खेल तथा युवा मामिला विभागले उत्तर जिल्ला प्रशासनसित मिलेर आयोजना गरेको आवासीय प्रशिक्षण शिविर खेलो इण्डिया योजनाअन्तर्गत आयोजना गरिएको थियो।

शिविरमा अण्डर १४ र अण्डर १९-का गरी २७५-जना एथलिटले सहभागिता जनाएका थिए। यसमा पाँच खेल स्पर्धा आर्चेरी, ब्याडमिन्टन, फूटबल, ताइक्वाण्डो, टेबल टेनिस-का खेलाडीहरूलाई मगनमा प्रशिक्षण दिइएको थियो भने बक्सिङ स्पर्धाका निम्ति खेलाडीहरूलाई माङ्शिलामा प्रशिक्षण दिइएको थियो।

खेल तथा युवा मामिला विभाग उत्तर जिल्लाकी उपनिर्देशक जानिम लेप्चाले खेलो इण्डिया योजनाअन्तर्गत यो कार्यक्रम आयोजना गरिएको बताउनुभयो। उहाँले यसको उद्देश्यबारे बताउनुहुँदै आगामी वर्षहरूमा भारतलाई विश्वस्तरमा खेलको पावरहाउस बनाउने रहेको अवगत गराउनुभयो। उहाँले विद्यार्थीहरूलाई विद्यालयको विदाका समयमा यस प्रकारका प्रशिक्षण उपलब्ध गराउनाले उनीहरूको खेलस्तरसितै शारीरिक, मानिसकस्तर बढेर जाने कुराको अवगत गराउनुभयो।

यस प्रशिक्षण शिविरको उत्कृष्ट परिणामस्वरूप हालै दैन्ताममा आयोजना भएको उत्तरपूर्वी युवा उत्सवमा खेलाडीहरू पदक जित्न सफल रहे। यी उत्कृष्ट खेलाडीहरूलाई २६ दिसम्बरमा मगनमा आयोजना गरिएको गणतन्त्र दिवस समारोहको अवसरमा मन्त्री छिरिङ वाङ्दी लेप्चाको बाहुलीबाट सम्मान जनाइयो। जसमा प्रकाश काफ्ले स्वर्ण पदक, डोमा लेप्चा स्वर्ण पदक, कल्पना छेत्री रजत पदक, सन्तोष सिंह कास्य पदक, अबिना लिम्बू कास्य पदक, सबिना छेत्री कास्य पदक, आस्था बस्नेत कास्य पदक र पासाङ दोर्जी लेप्चा कास्य पदक रहेका छन्।

उपनिर्देशकले उत्तर जिल्लाका जिल्लापाल कर्मा आर बन्पोप्रति खेल विभागलाई नयाँ ताइक्वाण्डो म्याट र आवसीय सुविधा उपलब्ध गराएकोमा आभार व्यक्त गर्नुभयो। उहाँले फरवरी महिनामा विभिन्न खेल प्रतियोगिताहरू आयोजना गर्ने पनि अवगत गराउनुभएको छ।

# एसबीएस-को कर्मचारी संगठनको वार्षिक सभा सम्पन्न

**पाकिम।**
रानीपूलमा सिक्किम राज्य ब्याङ्क (एसबीएस)-को कर्मचारी संगठनको वार्षिक सभा बस्यो। सभामा सबै कार्यकारी सदस्य तथा तीन सयभन्दा अधिक सदस्यहरूको उपस्थिति थियो।

संगठनका महासचिव आपदेन भोटियाले भन्नुभयो, कुनै पनि संगठनले झैं यस संगठनले पनि आफ्ना कर्मचारीहरूको कल्याणको निम्ति काम गर्दै आइरहेछ। संगठनले कर्मचारीहरूसित सम्बन्धित मुद्दालाई प्रबन्धनमाझ पुऱ्याएर सुल्झाएको पनि उहाँले यस अवसरमा जानकारी गराउनुभयो।

यस सभाको आयोजना गरिनुको उद्देश्य संगठनको चुनाउ सम्पन्न गराइनुपर्ने, कानुन संशोधनमाथि चर्चा गर्नका साथै वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु रहेको थियो। संगठनका सभापति सुनिल तामाङले भन्नुभयो, सबै कर्मचारीहरूको कर्तव्य भनेको ब्याङ्कलाई उत्कृष्ट सेवा दिनु हो जसको कारण हाम्रो ब्याङ्कको प्रगति हुन सकोस्।

जीवमुख्य अतिथिको रुपमा महकुमा अधिकारी एबी गुरुङले समाजलाई राम्रो नागरिक तयार गर्नको निम्ति कार्य गरिएकोमा आयोजक पक्षप्रति बधाई र शुभकामना व्यक्त गर्नुहुँदै नानीहरूलाई जीवनमा शिक्षा, संस्कार अनि संगतिलाई आत्मसात गरेर लानुपर्ने साथै दृढ संकल्प, एकाग्र, समय, तरिकामाथि केन्द्रित गरे एक सफल व्यक्ति बनिने सन्देश दिनुभयो।

विशेष आफूपनि नामथाङमा सिक्किम पर्यावरण संरक्षण समितिमा रहेर एनजीओको कार्य गरेको अनि हामीले सधैं वन जंगल संरक्षण गर्नुपर्छ, महकुमा अधिकारी गुरुङले भन्नुभयो। विशेष समस्या भन्दा हजारौं गुणा बेसी समाधान छ। हामीले शान्ति, प्रेम, एकता राख्नुपर्ने अपील गर्नुभयो।

# मतदाता हेल्पलाइन नम्बर आधिकारिक रूपमा शुरू

**गान्तोक।**
मतदाता हेल्पलाइन टोलफ्री नम्बर एक नौं पाँच शुन्य १ फरवरीदेखि आधिकारीक रूपमा शुरू भएको छ। यो संख्या २५ जनवरीका दिन पालन गरिएको ९औं राष्ट्रिय मतदाता दिवसको अवसरमा मुख्य निर्वाचन अधिकारी कार्यालयद्वारा शुरू गरिएको हो।

यो संख्या कार्यमा आइसकेपछि अब उसो नागरिकहरूले बिहान ९-देखि बेलुकी ६ बजेसम्म सरकारी बिदा बाहेक कुनै पनि दिन १९५० टोल फ्री नम्बरमा कल गरेर इपिक नम्बरको सहायतामा आफ्नो मतदाता पञ्जीकरण, फारमको अवस्था, मतदान केन्द्र, निर्वाचन क्षेत्र, निर्वाचन अधिकारी लगायत अन्य चुनाउसित सम्बन्धित मुद्दाबारे जानकारी लिन सक्नेछन्।

अतिरिक्त मुख्य निर्वाचन अधिकारी (एसीईओ) श्रीमती रोशनी राईले भन्नुभएको छ, सिक्किमको चारै जिल्लाका मानिसहरूले टोल फ्री नम्बरको प्रयोग गरेर आफ्ना सिकायत तथा समस्याहरू मुख्य निर्वाचन अधिकारी कार्यालयमा दर्ता गर्न सक्नेछन्।

मतदाता तथा चुनाउ आयुक्तलाई अबउसो कुनै पनि सिकायत समयमा सुल्झाउनका लागि सहज हुनेछ। उहाँले भन्नुभएको छ, यसले मतदाताहरूलाई आफ्ना चुनाउसित सम्बन्धित सबै जानकारीहरू मिनट भरमा प्राप्त गर्ने कुराको सुनिश्चित गर्नेछ।

उहाँले हेल्पलाइन संख्या साथै अन्य अनलाइन पोर्टल कुनै पनि सिकायत सुल्झाउनका लागि छिटो अनि सहज माध्यम बनेको छ भनी बताउनुभयो।

अतिरिक्त सीईओ राईले भन्नुभयो, सीईओ कार्यालयले भारत निर्वाचन आयोग (ईसीआइ)-सित सम्बन्धित कुनै पनि शिकायत प्राप्त गरेको खण्डमा यसलाई तुरन्त ईसीआई-को राष्ट्रिय शिकायत निवारण प्रणालीमा पठाइदिनेछ।

# प्रशिक्षकहरूका लागि तीन दिवसीय प्रशिक्षण सम्पन्न

**जोरथाङ।**
करफेकटारस्थित सिक्किम ग्रामीण विकास संस्थान (एसआइआरडी)-मा ३१ जनवरीदेखि शुरू भएको तीन दिवसीय प्रशिक्षकहरूका लागि प्रशिक्षण कार्यक्रमको २ फरवरीका दिन समाबन भयो। यो प्रशिक्षण भारत निर्वाचन आयोग (ईसीआइ)-को निर्देशनमा गरिएको थियो।

प्रशिक्षण कार्यक्रममा हिरो माइन्डमाइनबाट निलय मजुमदार र सञ्जिव देब स्रोतवक्ताका रूपमा रहनुभएको थियो भने पश्चिम र दक्षिण जिल्लाका जिल्ला स्तरीय प्रमुख प्रशिक्षक र नोडल अधिकारीहरूको विशेष उपस्थिति थियो।

स्रोतवक्ताहरूले प्रमुख प्रशिक्षकहरू कसरी परिपक्व हुन सक्छन् भन्ने विषयमा अवगत गराउनुभयो। उहाँहरूले प्रशिक्षकहरूको भूमिका र जिम्मेवारीमाथि प्रकाश पार्नुहुँदै विभिन्न कार्यक्रममा प्रशिक्षणार्थीहरूलाई कसरी महत्वपूर्ण सुझाउ र ज्ञान दिन सकिन्छ भन्ने विषयमा बताउनुभयो।

# स्पार्स कुष्ठ रोग अभियानलाई लिएर सभा सम्पन्न

**नाम्ची।**
स्पार्स कुष्ठ रोग अभियान २०१९-लाई लिएर नाम्ची जिल्ला अस्पतालमा सभा बस्यो। जिल्ला अस्पतालका मुख्य चिकित्सा अधिकारी (सीएमओ) डा. सारदा राईको अध्यक्षतामा सम्पन्न कार्यक्रमको आयोजना राष्ट्रिय कुष्ठ रोग निर्मूल कार्यक्रम (एनएलईपी)-अन्तर्गत जिल्ला स्वास्थ्य संगठनले गरेको थियो। सभामा नाम्चीका डीएमएस डा. एसएन अधिकारी लगायत विभिन्न लाइन विभागका प्रतिनिधिहरूको उपस्थिति थियो।

यहाँ उल्लेख गर्न योग्य कुरा के छ भने, कुष्ठ रोगको बारेमा मानिसहरूमा सचेतना जगाउनका साथै राष्ट्र पिता महात्मा गान्धीको निधनलाई स्मरण गर्न यो अभियान पालन गरिने भएको हो। सीएमओ डा. अधिकारीले जनमानसमा कुष्ठ रोगको बारेमा जागरूकता फैलाउनका लागि रहेको आवश्यकतामाथि प्रकाश पार्नुभयो। उहाँले अघि भन्नुभयो, कुष्ठ रोगमाथिको यस प्रकारको कार्यक्रम सबै जिल्ला स्वास्थ्य केन्द्रहरूमा आयोजन गरिनेछ जसपछि जनसाधारणसम्म यसमाथि जानकारी पुग्नेछ। सभाको अवसरमा डा. दिपमाला सुब्बाले कुष्ठ रोगको प्रकार, लक्ष्यणका साथै यसका लागि उपलब्ध उपचारमाथि संक्षिपमा प्रकाश पार्नुभयो। सभामा यस जिल्लाका लागि कुष्ठ रोगमाथि एउटा समिति गठन गरिएको छ। समितिमा दक्षिणका जिल्लापाल अध्यक्ष रहनुहुनेछ भने सदस्यहरूमा सम्बन्धित विभागका प्रतिनिधिहरू रहनेछन्।

# नाम्चीमा लघु रेशम कृषि मेला आयोजित

**रम्फू।**
भारत सरकारको वस्त्र मन्त्रालय अधिनस्थ अनुसन्धान विस्तार केन्द्र मामरिङ दक्षिण सिक्किमस्थित रेशम निर्देशालयद्वारा एक दिवसीय लघु रेशम कृषि मेला आयोजना गरियो। वक पर्यटन भवनमा आयोजित मेलामा केन्द्रिय रेशम बोर्ड वस्त्र मन्त्रालयअन्तर्गत विभिन्न क्षेत्रबाट वैज्ञानिकहरूको उपस्थिति रहेको थियो, जसमा श्रीमती सी माझी, डा. हरिष, एसटी लेप्चा, रेशम निर्देशालयकी श्रीमती एस सिलाल, सल्लाहकार डीआर शर्मा, विभिन्न वार्डका पञ्चायत सदस्यहरू आदिको उपस्थिति रहेको थियो।

सो अवसरमा वक-ओम्चु जीपीयूका सभापति इजाक लेप्चा मुख्य अतिथि रहनुभएको थियो। लघु रेशम कृषि मेलाको मुख्य उद्देश्य गाउँ विकासको साथमा रेशम खेतीलाई वृहत रूप दिँदै रोजगारका अवसरहरू सिर्जना गराउनु रहेको आयोजक समितिले बताएको छ। यस अवसरमा पाँच प्रगतिशील रेशम उत्पादकहरूलाई पुरस्कृत पनि गरियो।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps. 06 .02. 2019